घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक ३३ | २०७६ फाल्गुन ०२ गते, शुक्रबार |
|---|---|---|---|

घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।१०।२५ मा स्वीकृत भएको सामुदायिक विद्यालयलाई शिक्षक (शैक्षिक) व्यवस्थापन अनुदान वितरण निर्देशिका २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## प्रस्तावना :

नेपालको संविधान २०७२ को अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज ले दिएको अधिकार कार्यान्वयन गर्नका लागि दरवन्दी/राहत अनुदान कोटा कम भएका र अत्याधिक विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुमा शिक्षक व्यवस्थापन कार्य गर्नका लागि शिक्षक ( शैक्षिक) व्यवस्थापन अनुदान वितरण निर्देशिका २०७६ मिति २०७६।११।२५ गतेको कार्यपालिका बैठकवाट स्वीकृत गरि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम "सामुदायिक विद्यालयलाई शिक्षक ( शैक्षिक )व्यवस्थापन अनुदान वितरण निर्देशिका २०७६" रहेकोछ ।

(२) यो कार्यविधि घोडाघोडी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो निर्देशिका तुरुन्तप्रारम्भ हुनेछ ।

२. परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "कार्यपालिका" भन्नाले घोडाघोडी नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले घोडाघोडी नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर शिक्षा समिति" घोडाघोडी नगरपालिकामा गठित नगर शिक्षा समितिभन्ने सम्झनु पर्दछ

(घ) "शिक्षाअधिकृत" भन्नाले घोडाघोडी नगरपालिकाको शिक्षाशाखाको प्रमुखवा सो प्रमुखको कामकाजगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "शाखा" भन्नाले घोडाघोडी नगरपालिकामा रहेको शिक्षायूवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(च) "सामुदायिकविद्यालय" भन्नाले नेपाल सरकारवाट वानगरपालिकावाट अनुमतिपाई अनुदान प्राप्त गर्ने विद्यालय भन्ने सम्झनु पर्दछ ।

घोडाघोडी स्थानीय राजपत्र

# परिच्छेद
# दुई

## अनुदान वितरणका आधारहरु

(१) शिक्षायूवा तथा खेलकुद शाखाले सामुदायिक विद्यालय र ती विद्यालयहरुमा शिक्षक उपलब्धताको विवरण नगर शिक्षा समितिका पेस गर्नुपर्नेछ ।

(२) नगर शिक्षा समितिले शाखाले पेस गरेको विवरणका आधारमा तपसिल बमोजिम अनुदान वितरण गर्न सक्नेछ ।

(क) माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुका लागि हाल सम्म एउटा पनि दरवन्दी/राहतअनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई एक जना स्वयंसेवक शिक्षकको लागि न्यूनतम मासिक १८०००( अठार हजार) का दरले १२ महिनाको हुनआउने रकम र १ वटा मात्र दरवन्दी/राहत अनुदानकोटा प्राप्त गरेका विद्यालयहरुलाई मासिक रु  १०००० ( दशहजार ) का दरले १२ महिनाको हुनआउने रकम ।

(ख) आधारभूततह (कक्षा १ देखी ८ सम्म ) सञ्चालित विद्यालयहरुहमा हाल सम्म एउटा पनि दरवन्दी/राहत अनुदानकोटा प्राप्त नगरेका विद्यालयहरुलाई एक जना स्वयंसेवक शिक्षकको लागि न्यूनतम मासिक १५०००( पन्ध्र हजार का दरले १२ महिनाको हुनआउने रकम र १ वटा मात्र दरवन्दी/राहत अनुदानकोटा प्राप्त गरेका विद्यालयलाई मासिक ८००० (आठ हजार) का दरले १२ महिनाको रकम ।

(ग) प्राथमिक तह  सञ्चालित विद्यालयहरुमा हाल सम्म एउटा पनि दरवन्दी/राहत अनुदानकोटा प्राप्त नगरेका विद्यालयहरुलाई एक जना स्वयंसेवक शिक्षकको लागि न्यूनतम मासिक १३५००( तेह्र हजार पाच सय ) का दरले १२ महिनाको हुनआउने रकम र १ वटा मात्र दरवन्दी/राहत अनुदानकोटा प्राप्त गरेका विद्यालयहरुलाई मासिक रु ७०००( सात हजार)का दरले १२ महिनाको हुनआउने रकम ।

(घ) अन्य सम्पूर्ण विद्यालयहरु ( आर्थीक अवस्थाकमजोर भएका) लाई प्रतिविद्यार्थी संख्याका हिसावले प्रतिकक्षा ५० जनाभन्दा वढी विद्यार्थीहरु ( तहगत रुपमा) का लागि प्रतिविद्यार्थी  वार्षिक रु ५०० (पाच सयका दरले ) हुनआउने रकम विद्यालयलाई शिक्षक( शैक्षिक) व्यवस्थापनका लागि अनुदान दिने ।

नोट : ( घ) बमोजिम रकम वितरण गर्दा विनियोजन गरेको रकम अपुग हुन गएकामा वढी भएका विद्यार्थीहरुलाई आधार मानी दामासायीका दरले हुनआउने रकम निकासा दिन सकिने छ ।

**आज्ञाले :**
**प्रमुख प्रशासकीय अधिकृत**

घोडाघोडी स्थानीय राजपत्र